मिति २०७८/५/१६ गतेको सचिव वैठकको निर्णय-

१. सबै सचिवहरुले नेपाल सरकारले स्वीकृत गरेको इमेल लिई सरकारी कामको सिलसिलामा सोही इमेल प्रयोग गर्ने सम्बन्धमा मिति २०७८/४/१८ गतेको सचिव वैठकको निर्णय कार्यान्वयन गर्ने ।

२. सुदूरपश्चिम प्रदेश सुशासन ऐन, २०७५ को दफा ११ को उपदफा (२) को खण्ड (छ) को व्यवस्था बमोजिम प्रत्येक मन्त्रालयको सचिवले आफ्नो मन्त्रालय वा निकाय वा प्रदेशस्तरका कार्यालय तथा सोसँग सम्बन्धित अन्य निकायले सम्पादन गरेको कामको मासिक प्रतिवेदन अर्को महिनाको ५ गतेभित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गर्ने ।

३. मिति २०७८/४/२७ गते सम्पन्न भएको वार्षिक प्रगति समीक्षा वैठकबाट प्रदेश सरकारको स्थापनाकालदेखि हालसम्म भए गरेको कार्यप्रगतिको तथ्यांक एवं फोटो सहितको जिल्लागत विवरण तयार गरी सबै मन्त्रालयले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा उपलब्ध गराउने निर्णय भएकोले सो सन्दर्भमा विषयगत मन्त्रालयले क्षेत्रगत (Sectoral) कार्यप्रगतिको तथ्य र तथ्यांक सहितको विवरण जिल्लागत रुपमा तयार गरी यथाशीघ्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा उपलब्ध गराउने ।

४. वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयनको क्रममा आवश्यक पर्ने कार्यविधि लगायतका कानूनहरु मन्त्रालयले तयार गरी लागू गर्ने। मन्त्रिपरिषद्बाट स्वीकृत हुनुपर्ने भएमा स्वीकृतिका लागि २०७८ भाद्र मसान्तभित्र मन्त्रिपरिषद्मा पेश गर्ने ।

५. राय परामर्श तथा सहमतिका लागि लेखि आएको विषयमा सम्बन्धित मन्त्रालयहरुले शीघ्र कारवाही अघि बढाई राय परामर्श र सहमति उपलब्ध गराई सहजीकरण गर्ने ।

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
धनगढी, कैलाली, नेपाल
२०७४

७८/५/१६

प्रमुख सचिव